नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३]काठमाडौं, चैत्र२७ गते २०२० साल [अतिरिक्ताङ्क ३२(क

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको

विज्ञप्ति

नेपालको संविधानको धारा ७२ को खण्ड (ख) अनुसार श्री ५ बाट निम्नलिखित व्यक्तिहरू सदस्य भएको न्यायीक समिति गठन गरिबक्सेको छ ।

१. श्री अनिरुद्ध प्रसाद सिंह ।

२. श्री न्यायाधीश पशुपतिप्रसाद कोईराला ।

३. श्री एटर्नी जनरल ।

उक्त न्यायीक समितिका सदस्यहरू श्री ५ को ईच्छानुसारको अवधिसम्म सो सदस्य पदमा बहाल रहने छन् ।

हुकुम बक्से बमोजिम,

सरदार हंसमान सिंह

श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरवारको
विज्ञप्ति

नेपालको संविधानको धारा ६९ को उप-धारा (१) अनुसार श्री ५ बाट सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा न्यायाधीश श्री भगवतीप्रसाद सिंहलाई मिति ०२०।१२।२७।५ देखि नियुक्त गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरवारको
विज्ञप्ति

नेपालको संविधानको धारा २७ को उप-धारा (१) अनुसार श्री ५ बाट सहायक मन्त्रीको पद १ थप गरिबक्सी राष्ट्रिय पञ्चायतका सदस्य श्री बिलबहादुर श्रेष्ठलाई मिति ०२०।१२।२७।५ देखि सो पदमा नियुक्ति गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
सरदार हंसमानसिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।